# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २३ गते २०२९ साल

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राजविराज अस्पतालको बिस्तारको निमित्त सगरमाथा अञ्चल, सप्तरी जिल्ला राजबिराज नगर पञ्चायत वडा नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ अनुसार क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व नवलकिशोर,देबनारायण,गणेशलाल,मानबहादुरको आबादी जग्गा र श्रीमान रोड भन्ने कच्ची सडक, पश्चिम अस्पताल कम्पाउण्ड, उत्तर श्रीमान रोड कच्ची सडक, दक्षिण हनुमान नगर जाने मूल सडक यति ४ किल्लाभित्रको कित्ता नं. १११,११४,११६,११७,११८,११९, १२० र १२१ को मालपोत रू ८२।५९ (बयासी रूपैयाँ उनान्साठी पैसा) लागेको जम्मा जग्गा बिगहा २-२-१७ (दुई बिगहा दुईकट्ठा सत्रधुर) को कित्ता - - - - १

आज्ञाले-

हरिहरजंग थापा

श्री ५ को सरकारको सचिव



३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।